नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फयाक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
media@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## प्रेश विज्ञप्ती

आज २०८० भाद्र २० गतेका दिन मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सत्रौं राष्ट्रिय दिवस महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री सुरेन्द्रराज आचार्यज्यूको अध्यक्षतामा **"सामाजिक न्याय र आर्थिक सशक्तिकरणः मानव बेचबिखन निर्मूलन"** भन्ने नाराका साथ पूर्व प्रदेश प्रमुख, प्रतिनिधि सभा तथा राष्ट्रिय सभा सदस्यहरु, संवैधानिक निकायका प्रमूख तथा पदाधिकारीहरु लगायत सवै सरोकारवाला निकाय र सामाजिक अभियान्ताज्यूहरुको उपस्थितिमा नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहलमा भव्यताका साथ सम्पन्न भयो।

मानव बेचविखन तथा ओसारपसार विरुद्धको सत्रौं राष्ट्रिय दिवस, मूल समारोह कार्यक्रममा मन्त्रालयका सचिव श्री सुमनराज अर्यालज्यूले उपस्थित सम्पूर्ण अथितिज्यूहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो। सो समारोहमा मानव बेचबिखन तथा ओसारपसार रोकथाम र नियन्त्रणको क्षेत्रमा सचेतना फैलाउने एवम् उद्धार गर्ने कार्यमा सक्रिय योगदान पुऱ्याउनु हुने व्यक्ति तथा संस्थाहरुको उच्च मूल्याङ्कन गर्दै पुरस्कार तथा सम्मान पत्र वितरण गरियो ।

यसै सन्र्दभमा पुरस्कृत व्यक्तित्वको तर्फबाट मन्तव्य राख्दै उर्मिला श्रेष्टज्यूले मानव बेचबिखन एक संगठित अपराध भएको हुनाले यसको नियन्त्रणमा समेत संगठित प्रयासको आवश्कयता रहने विषयमा जोड दिनुभयो । महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटविन) का अध्यक्ष सिता पौडेलज्यूले मानव बेचबिखनका आयामहरुमा परिवर्तन भइरहेकोले यसको नियन्त्रणको लागि हाल कार्यान्वयनमा रहेका ऐन, कानूनहरुमा संशोधनको आवश्यकता रहेको बताउनु भयो।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा.अनिता शाह ढुङ्गानाज्यूले मानव बेचबिखन बहुराष्ट्रिय संगठित अपराध भएकोले बहुआयामिक क्षेत्रसँग सरोकार राख्दछ यसर्थ लक्षित वर्गलाई मध्यनजर गरेर कार्यक्रम सञ्चालन गर्नु पर्ने विषय राखु भयो । राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापाज्यूले राज्यले मानव बेचबिखन प्रभावितको लागि सामाजिक सुरक्षा प्रदान गर्नु पर्ने कुरामा जोड दिनुभयो । राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला पराजुलीज्यूले सारभुत रुपमा मानव बेचबिखन मुक्त समाज निर्माणमका लागि तीनै तहको सरकार बीच सहकार्य र समन्वय आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो । पूर्व प्रदेश प्रमुख अनुराधा कोइरालाज्यूले दिवस मनाउने कार्यलाई मात्र प्राथमिकता नदिई मानव बेचबिखन नियन्त्रण कार्यमा निरन्तर लाग्नु पर्ने तथा यसको न्यूनीकरणको लागि अनिवार्य र निःशुल्क शिक्षामा जोड दिनुपर्ने कुरा बताउनुभयो ।

कार्यक्रमका अध्यक्ष माननीय मन्त्रीज्यूले सामाजिक न्याय र आर्थिक सशक्तिकरणको माध्यमबाट नै मानव बेचबिखन तथा ओसारपसार मुक्त र मर्यादित समाज निर्माण गर्न सकिने हुँदा यसको नियन्त्रण र रोकथामका लागि आजको यस दिवसले हामी सबैलाई थप उर्जा र उत्प्रेरणा मिलोस् भनी सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो। साथै सहभागीहरुलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

भाद्र २०,२०८०

इन्दु घिमिरे
प्रवक्ता/सहसचिव